# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

## पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशन मिति : २०७६/०८/२२**

यस बलेफी गाउँपालिका अन्तर्गत तपशिलमा उल्लिखित पदहरुमा करार सेवामा खुल्ला प्रतियोगिताद्धारा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिदसहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | सिभिल इन्जिनियर | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरि नेपाल इन्जिनियरिङ् परिषद्मा दर्ता/नवीकरण भएको हुनुपर्ने । |
| २. | हे.अ. | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट कोष उत्तीर्ण गरि सम्वन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको । |
| ३. | स्टाफ नर्स | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोष उत्तीर्ण गरि सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको । |
| ४. | अ.हे.ब. | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. कोष उत्तीर्ण गरि सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको । |
| ५. | ना.प्र स.कृषि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C. उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टी.ए.(कृषि बिज्ञान) तालिम प्राप्त वा कृषि बिषय लिई T.S.L.C. उत्तीर्ण । |

**आवेदन शुल्क** : रु. १०००।- (एक हजार रुपैयाँ मात्र )

**आवेदन दिने अन्तिम मिति** : २०७६/०९/०६ गतेसम्म ।

**आवेदन बुझाउने स्थान** : बलेफी गाउँपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।

**कार्य गर्नुपर्ने स्थान** : बलेफी गाउँपालिका वा अन्तर्गत ।

**अवधि** : करार सम्झौतामा तोकिए बमोजिम ।

**पारिश्रमिक** : करार सम्झौतामा तोकिए बमोजिम ।

**उमेरको हद** : पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**छनौट प्रक्रिया** : प्राप्त दरखास्तहरुमध्ये बलेफी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ मा रहेको मापदण्डका आधारमा मूल्यांकन गरी संक्षिप्त सूचि प्रकाशन गरिनेछ ।
सूचिकृत उम्मेदवारहरुमध्येबाट अन्तवार्ताको माध्यमबाट छनौट गरिनेछ । अन्तर्वार्तामा आउँदा पेश गरिएका सबै कागजातहरुको सक्कलै प्रति साथमा लिएर आउनु पर्नेछ ।

**प्राथमिकता** : स्थानीय र कार्यरतलाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजातहरू :**

१. हस्तलिखित निवेदन
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको प्रतिलिपी ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

***थप जानकारीको लागि ०११-४००५३८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।***

**पदपूर्ति समिति**